# तादी गाउँपालिकाको आर्थिक ऐन, २०७७

तादी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना**: तादीगाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तादी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि तादी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **भूमि जग्गा तथा मालपोत कर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

३. **घर वहाल कर**:गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा १० प्रतिशत बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

४. **व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

५. **विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (३) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

६. **सेवा शुल्क, दस्तुर**: गाउँपालिकाले उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूचि (४) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

७. **सम्पति कर :-** गाउँपालिका क्षेत्रभित्र अनुसुचि (५) बमोजिम सम्पति कर लगाईनेछ।

८. **मनोरञ्जन कर :-** गाउँपालिका क्षेत्रभित्र अनुसुचि ३ बमोजिम मनोरञ्जन कर लगाईनेछ।

९. **कर छुट**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुशुचि (६) बमोजिम कुनै पनि किसिमको कर छुट दिईने छ।

१०. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि**: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

**११. दण्ड जरिवाना र नियमित दस्तुर :**

(१) यस गाउँपालिकाले आफनो क्षेत्रभित्र गाउँपालिकाको स्वीकृत विना अनधिकृतरुपमा ढुंगा, गीटी उत्खनन गरेमा, तोकिएको स्थान बाहेकको स्थानमा फोहर मैला गरे वा गराएमा, सालवसाली तिर्नुपर्ने कर, दस्तुर तथा सेवाशुल्क नतिरे वा नवुझाएमा, निर्माण भएका भौतिक संरचना, घर तथा अन्य भवन, टहराहरुलाई भवन सहिंता, भवन निर्माण मापदण्ड र गा.पा.बाट स्वीकृत माापदण्ड भित्र पर्नेको हकमा गाउँपालिकाको निर्णयानुसार नक्सा स्वीकृत गरी नियमित गर्नुपर्ने भएमा अनुसूची (६) मा उल्लेखित दरमा दण्ड, जरिवाना र नियमित दस्तुर लगाईने र असुल गरिनेछ ।

(२) रु ३ लाख वा सो भन्दा बढीका योजनाहरु कार्यान्वयन गर्दा तोकिए बमोजिमको सूचना पाटी राखेको नपाइएमा सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई अन्तिम किस्ता भुक्तानी गर्दा जरिवाना स्वरुप रु १०००० कट्टा गरी भुत्तानी गरिनेछ ।